धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ नियम २६ को उपनियम १ सँग सम्बन्धित

# आ.व. २०७४/०७५को दोस्रो त्रैमासिक प्रतिवेदन

१) **वित्तीय विवरण**

**क) त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्वन्धी विवरण :**

यस बैंकको त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्वन्धी विवरण यसैसाथ संलग्न गरिएको छ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | रु. १४.२४ | मुल्य आम्दानी अनुपात | २४.२३ |
| प्रति शेयर नेटवर्थ | रु. १३३.०७ | प्रति शेयर बजार मुल्य | रु. ३४५ |
| तरलता अनुपात | २०.३५ प्रतिशत | कुल सम्पतिमा प्रतिफल | ०.८२ प्रतिशत |

२) **व्यवस्थापकीय विश्लेषण**

क) देशमा विद्यमान राजनीतिक अस्थीरता, देशको न्यून आर्थीक गतिबिधि, निरासाजनक आर्थीक परिसुचक तथा अधिक प्रतिष्पर्धा वातावरण र चुनौतीका बाबजुद पनि बैंकको निक्षेप संकलन तथा कर्जा सापटी तर्फको यस त्रैमासमा वृद्धि उत्साहजनक रहेको छ ।

ख) **व्यवसायिक योजना**

**अ) निक्षेप :** बैंकको दिर्घकालिन रणनीति अनुरुप नै यस बैंकले बचत खातामा विशेष जोड दिंदै यस्ता खाता मार्फत ग्राहक वर्गलाई उच्च गुणस्तरीय सेवा तथा अधिकतम सुविधा प्रदान गर्दै आएको छ ।

**आ) कर्जा तथा सापटी :** बैंक कृषि, उर्जा, पर्यटन जस्ता उत्पादनशिल क्षेत्रहरुमा लगानी वृद्धि गर्न कटिबद्ध रहेको तथा यस नीतिको सफल कार्यान्वयनको निमित्त बैंकले आफ्नो ध्यान साना तथा मझौला व्यवसाय तथा विपन्न वर्ग कर्जा तर्फ केन्द्रित गरेको छ र उक्तकर्जा समुहमा निकै उत्साहजनक वृद्धि समेत हासिल गरेको छ ।

**इ) शाखा संजाल विस्तार :** यस त्रैमासमा बैंकले हरिपौवा, बंकुलबजार, भगवानपुर, धादिङ्ग, भलवारी, आबुखैरेनी, गोर्खा, बेशिसहर, अमरापुरी, बुद्धचोक, कोटिहवा, गोपिगञ्ज, शंकरपुर, ढुम्कीबास, भिमफेदी, नरहा, ईम्लीया, जितपुर ४ नं, कबिलासी, भुरीगाउँ, अरुणखोला, खैरहनी, लालगणी, मनिग्राम ४ नं गरि २४ थप नयाँ शाखाहरु सञ्चालनमा ल्याएको छ । बैंकले आफ्नो शाखा विस्तार गर्ने रणनीतिलाई अगाडी बढाउँदै यस त्रैमासको अन्त्य सम्ममा बैंकको कुल शाखा संख्या १५७ रहेको छ साथै बैंकले यस त्रैमासमा ३० वटा नयाँ ए. टि. एम. थपगरि जम्मा १४७ वटा ए. टि. एम. रहेको छ ।

३) **कानूनी कारवाही सम्वन्धी विवरण**

**क) यस अवधिमा बैंकले वा बैंकको विरुद्ध कुनै मुद्दा दायर भए नभएको :**

यस अवधिमा बैंकको व्यवसायमा तात्विक असर पर्ने गरी बैंकले वा बैंकको विरुद्ध कुनै मुद्दा दायर नभएको ।

**ख) बैंकको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वाफौजदारी अपराध गरेको सम्बन्धमा कुनै किसिमको मुद्दा दायर भए नभएको :**

यस सम्बन्धीकुनै जानकारी प्राप्त नभएको ।

**ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए नभएको :**

यस सम्बन्धी कुनै जानकारी प्राप्त नभएको ।

४) **बैंकको शेयर कारोवार सम्वन्धी विश्लेषण**

**क) धितोपत्र बजारमा भएको बैंकको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :**

दोस्रो बजारमा हुने शेयर कारोबारको मूल्य खुल्ला बजारले निर्धारण भए अनुरुप हुने व्यवस्थापनको धारणा रहेकोछ ।

**ख) यस अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या :**

| | | | |
|---|---|---|---|
| अधिकतम मुल्य | रु. ३८१ | न्युनतम मुल्य | रु. ३३१ |
| अन्तिम मुल्य | रु. ३४५ | कारोवार संख्या | ३,२५० |
| कारोबार दिन | ५७ | | |

५) **समस्या र चुनौती**

प्रमुख चुनौतीहरु तल उल्लेख गरिए अनुसार रहेको छ ।

**आन्तरीक**

क) दक्ष जनशक्तिको उपलब्धता ।

ख) बढ्दो सञ्चालन लागत ।

**वाह्य**

क) राजनितिक अन्योल तथा अस्थिरता र उद्योग व्यवसायको विकासमा देखिएको प्रतिकुल वातावरण ।

ख) सोचे अनुरुप सरकारी बजेट कार्यान्वयनमा कमी।

ग) अस्वाभाविक प्रतिष्पर्धा व्यवहारमा जोड ।

घ) तरलतामा कमी तथा विप्रेषणमा देखिएको कमी ।

ङ) ऋणात्मक शोधानान्तर तथा उच्च व्यापार घाटा।

**रणनीति**

क) नविनतम् प्रविधिको प्रयोग गरी उत्कृष्ट सेवा प्रदान गर्ने । नयाँ क्षेत्रहरुमा लगानी एवं अवसरहरुको निरन्तर खोजी गर्दै जाने ।

ख) कर्मचारीहरुको निरन्तर वृति विकासमा जोड दिने ।

ग) प्रतिष्पर्धा क्षमताको विकाश गर्दै जाने ।

घ) विवेकशिल जोखिम व्यवस्थापनको नीतिलाई अंगिकार गर्दै जाने ।

ङ) उत्पादनशिल क्षेत्रमा कर्जा लगानी वृद्धिको लागि सम्भाव्य अवसरहरुको खोजी गर्ने ।

च) उपभोक्ता कर्जा र साना तथा मझौला कर्जा प्रवाहमा जोड दिने।

छ) चल्ती तथा बचत निक्षेपमा जोड ।

६) **संस्थागत सुशासन**

संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकता दिने नीति अनुसार श्री नेपाल राष्ट्र बैंकद्वारा जारी संस्थागत सुशासन सम्बन्धि ब्यवस्था अनुरुप बैंकका संचालक समिति तथा व्यवस्थापनमा कार्यरत सम्पूर्ण कर्मचारीहरु,आफ्ना शेयरधनीहरु, सर्वसाधारण निक्षेपकर्ताहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हितलाई सदैव उच्च प्राथमिकतामा राखी संस्थागत सुशासनको मुल्य मान्यता प्रति सदैव सजग रही कार्य गर्दै आएको छ ।

संस्थागत सुशासन परिपालनाको प्रत्याभुतिका लागि प्रभावकारी संस्थागत सुशासन नीति तर्जुमा गरी लागु गरि सकिएको छ।

७) **सत्य, तथ्यता सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा मैले जानेबुझेसम्म म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

प्रमुख कार्यकारी अधिकृत

बैंक पनि, साथी पनि